नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर।

## प्रेस विज्ञप्ति ।

राजस्व अनुसन्धान विभागले राजस्व चुहावटसम्बन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी ध्रुव कन्स्ट्रक्सन प्रा.लि. (स्था.ले.नं. ६०९७५४५११) का सञ्चालक ध्रुव देव विरुद्ध उच्च अदालत पाटनमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम मुद्दा दायर गरेको छ।

काठमाडौं महानगरपालिका वडा नं ३१ नयाँ बानेश्वरस्थित ठेक्का पट्टा, कन्सल्टेन्सी सेवा तथा कन्स्ट्रक्सन सामान खरिद बिक्री कारोबार गर्ने ध्रुव कन्स्ट्रक्सन प्रा.लि.(स्था.ले.नं. ६०९७५४५११) का सञ्चालक ध्रुव देवले वस्तु तथा सेवाको हस्तान्तरण नगरी बिल बीजक मात्र जारी गरेको, खरिद कारोबारको भुक्तानी बैङ्कमार्फत नगरेको, बीजकहरु सिलसिलेवार जारी नगरेको, मू.अ.कर विवरण र आय विवरण दाखिला नगरेको, मू.अ. कर तथा आयकर तर्फ झुट्टा विवरण पेश गरेको, मालसामान खरिदको स्रोत पुष्टि नभएको तथा नेपाल सरकारलाई नियमानुसार तिर्नु बुझाउनुपर्ने मू.अ.कर तथा आयकर लगायतका राजस्व नतिरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरित कार्य गरी ऐ. ऐनको दफा ४ बमोजिमको कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादी ध्रुव देवलाई ऐ. ऐनको को दफा २(छ१) बमोजिम मूल्य अभिवृद्धि करतर्फ रु. ४५,८०,८३,४३४।-(अक्षरेपी पैतालीस करोड असी लाख त्रियासी हजार चार सय चौतीस रुपैयाँ) र आयकरतर्फ रू. १४,६५,३१,८२४।- (अक्षरेपी चौध करोड पैसट्ठी लाख एकतीस हजार आठ सय चौबीस रुपैयाँ) गरी जम्मा रु. ६०,४६,१५,२५८।-(अक्षरेपी साठी करोड छयालीस लाख पन्ध्र हजार दुई सय अन्ठाउन्न रुपैयाँ) बिगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगो असुल तथा बिगोको शतप्रतिशत जरिवाना रुकम रु. ६०,४६,१५,२५८।-(अक्षरेपी साठी करोड छयालीस लाख पन्ध्र हजार दुई सय अन्ठाउन्न रुपैयाँ) गरी जम्मा १,२०,९२,३०,५१६।-(अक्षरेपी एक अर्ब बीस करोड बयानब्बे लाख तीस हजार पाँच सय सोह रुपैयाँ) असुलउपर गर्न तथा ऐनको दफा २३ को उपदफा (१)(घ) बमोजिम कैद सजायको मागदावी लिई आज मिति २०८२/०१/२२ गते सम्मानित उच्च अदालत पाटनमा अभियोगपत्र दायर गरिएको छ।

मिति २०८२ साल वैशाख २२ गते सोमवार ।

२०८२/०१/२२
(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक

Scanned with CamScanner